मेन्छियाम हाइड्रोपावर लि.को

चौथो वार्षिक साधारण सभा

(आ.व. २०८०/०८१)

यस **मेन्छियम हाइड्रोपावर लि.**को चौथो वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री बिकल थापा क्षेत्रीज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका बिषयहरुमा छलफल भई निम्न लिखित निर्णयहरु पारित गरियो ।

मितिः २०८१/०९/२९

समयः बिहान ९:३० बजे

स्थानः होलिडे इन रिसोर्ट, बुढानिलकण्ठ, काठमाण्डौं ।

**सभामा उपस्थितः**

| | | | |
|---|---|---|---|
| १) | बिकल थापा क्षेत्रि | — | संचालक अध्यक्ष |
| २) | बिनिता थापा | — | संचालक सदस्य |
| ३) | मनकृष्ण महर्जन | — | संचालक सदस्य |
| ४) | साधुराम खड्का | — | संचालक सदस्य |
| ५) | भुपाल मान बस्नेत | — | संचालक सदस्य |
| ६) | सूर्य मणि राई जिमि | — | संचालक सदस्य |
| ७) | अरुण कुमार के.सि. | — | स्वतन्त्र संचालक |

अन्य अतिथि, संस्थापक शेयरधनिहरु तथा शेयरधनिहरुको प्रतिनिधीहरुको उपस्थितीको हाजिरी पुस्तिका **अनुसूची १** मा संलग्न गरिएको छ ।

**सभाको बैधानिकताः**

आ.व. २०८०/०८१ को वार्षिक साधारण सभाको बैधानिकता माथि बिचार गर्दा कम्पनी ऐन, २०६३ को दफा ६२ बमोजिम कम्पनी रजिष्टारको कार्यालय बाट कारोवार स्वीकृति लिंदै रहेको तथा कम्पनीको वार्षिक सधारण सभा समयमानै बोलाएको पाइयो। कम्पनीको स्वीकृत नियमावली बमोजिम यस सभाको लागी २१

दिन अगावै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेमा (प्रथम पटक २०८१।०९।०९ र दोस्रो पटक २०८१।०९।२२) मा सूचना प्रकाशित गरिएको पाईयो ।

कम्पनी ऐन तथा कम्पनीको स्विकृत नियमावली बमोजिम सभा संचालनको लागी आवस्यक गणपुरक संख्या सम्बन्धमा बिचारगर्दा निम्न बमोजिम शेयरधनिको प्रतिनिधीत्व गर्ने शेयरधनिहरुको उपस्थिति भएकोले कम्पनी ऐन तथा कम्पनीको स्विकृत नियमावली बमोजिम गणपुरक संख्या भएकोले सभा लाई वैधानिक भएको घोषणा गरियो ।

| जम्मा शेयर संख्या | उपस्थित शेयर संख्या | उपस्थित शेयर प्रतिशत |
|---|---|---|
| ५४२५८३३ | ३१६९८७३ | ५८.४२% |

**सभाको अध्यक्षताः**

सभाको अध्यक्षता गर्न संचालक समितिका अध्यक्ष श्री बिकल थापा क्षेत्रीज्यूलाई आमन्त्रण तथा आसन ग्रहण पश्चात अध्यक्षको अनुमतिमा कम्पनी सचिव श्री सेबक पोखरेल ज्यूले सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

वार्षिक साधारण सभामा उपस्थीत प्रमुख अतिथि, अतिथी, सल्लाहकार, शेयरधनिहरु लगायत उपस्थित सबै लाई संचालक समितिको तर्फ बाट संचालक श्री बिकल थापा क्षेत्रीज्यूले स्वागत गर्नु भयो ।

**छलफलका लागि प्रस्तुत प्रस्तावहरुः**

१) आ.व. २०८०/०८१ को संचालक समिति बाट प्रस्तुत प्रतिबेदन माथि छलफल गर्ने ।

२) लेखा परिक्षकको प्रतिबेदन सहितको आ.व. २०८०/०८१ को बासलात, नाफा नोक्शान हीसाव र सोही अवधीको नगद प्रबाहको विवरण माथी छलफल गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजीम आ.व.२०८१/०८२ को लागी लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमीक तोक्ने सम्बन्धमा ।

४) कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।

५) विविध।

पारित निर्णयहरुः

१) अध्यक्ष ज्यूद्धारा प्रस्तुत कम्पनीको आ.व. २०८०/०८१ को वार्षिक प्रतिबेदन माथी छलफल गरि उक्त प्रतिबेदन लाई सर्वसम्मतरुपमा पारित गर्ने निर्णय गरियो ।

२) कम्पनीका लेखा परिक्षक R.Sapkota & Associate द्वारा प्रस्तुत कम्पनीको आ.व. २०८०/०८१ को बार्षिक लेखा परिक्षण प्रतिबेदन सभा समक्ष पेश हुँदा शेयरधनी महानुभावहरु बाट उठेका जिज्ञासाहरु प्रष्ट गरिदिनु भयो । तत्पश्चात उक्त लेखापरिक्षण प्रतिबेदन सर्बसम्मतीले पारित गरियो ।

३) यस कम्पनीको कमपनी ऐन २०६३ को दफा १११ बमोजीम आ.व. २०८१/०८२ को लागि बिभिन्न लेखा परिक्षकहरुको प्रस्ताव आएकोमा लेखा परिक्षण गर्न योग्य रहेकोले Suyog Regmi & Associates ,Chartered Accountants लाई लेखा परिक्षकको रुपमा नियुक्त गर्ने र निजको पारिश्रिमक कर बाहेक रु. ३,००,०००/-(अक्षेरपी तीन लाख मात्र) दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

४) निर्णय नं ४ उपर छलफल चलाई निर्णय हुँदा कम्पनीको रजिष्टर्ड कार्यालय रहने टेगानाबाट उदेश्य अनुसारको कारोबार गर्न असहज भएकोले साविकको स्थानबाट स्थानान्तरण गरी काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३ मा राखु पर्ने भएको हुदा तपशिल बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालय रहने गरि कम्पनीको टेगाना परिवर्तन गर्ने निर्णय पारीत गरियो ।

| साविकको व्यवस्था | हालको व्यवस्था |
|---|---|
| यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं २६ रहनेछ । | यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं ०३ रहनेछ । |

५) विविध

विविध विषयमा छलफल गर्दा कम्पनी ऐन २०६३ को दफा ६० अनुसार संचालक समितिले आगामी रणनीति तयार गर्नुपर्ने आवश्यकता रहेको हुँदा, यस कम्पनीको वित्तीय स्थिति सुधार गर्न र चुक्ता पूंजीलाई पुनर्संरचना गर्न हकप्रद शेयर निष्काशन गर्ने रणनीति अपनाउने निर्णय पारित गर्यो।

यस कम्पनीको आगामी दिनमा गर्नु पर्ने सम्पुर्ण कानूनी एवं प्रशासनिक कार्य गर्ने/गराउँने पुर्ण अख्तीयारी सहितको अधिकार संचालक समिति लाई दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

छलफलका अन्य बिषयहरु नभएको हुंदा उपस्थित सम्पूर्ण शेयरधनी सदस्य, अतिथिजन पत्रकार महोदयहरु लाई बिषेस बिषेस धन्यबाद दिंदै कंपनीका अध्यक्षज्यूले सभा विसर्जन गर्नु भयो ।